nizi Wi-Fi Router Powerbank

Made by Yarsa Tech
Upto 8 Hours • 10,400 mAh




# उपयोग निर्देशिका

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल

तपाईँले यो निर्देशिका राम्रोसँग पढेर आफ्नो निजी राउटर पावरबैंकलाई कसरी प्रयोग गर्ने भन्ने थाहा पाउनुहुन्छ । साथै, यसको प्रयोग गर्ने विधि, सुरक्षा सम्बन्धि उपयोगी जानकारी, र ग्यारेन्टीका बारेमा पनि बुझ्न सक्नुहुन्छ ।

निजी राउटर पावरबैंक एउटा विद्युतीय उपकरण हो, जसले आफ्नो ब्याट्री मार्फत अन्य विद्युतीय उपकरणलाई चार्ज गरेर चलाउन मद्दत गर्छ । विद्युत आपूर्ति भइरहेको समयमा निजी राउटर पावरबैंकले आफ्नो ब्याट्री चार्ज गरिरहेको हुन्छ, साथै आफूमा जडान भएका उपकरणलाई यसले विद्युत प्रवाह गर्छ । निरन्तर विद्युत आपूर्ति नभएको समयमा, जस्तै लोड-सेडिङ भएको बेला वा अन्य कारणले विद्युत आपूर्ति बन्द हुँदा, निजी राउटर पावरबैंकले आफूले सञ्चय गरेको चार्जमार्फत उपकरणलाई विद्युत आपूर्ति गरि निश्चित समयसम्म चलिरहन मद्दत गर्छ ।


© यार्सा टेक प्राइभेट लिमिटेड

**प्रयोग गर्नु अघि चार्ज गर्नुहोस् ।**

निजी राउटर पावरबैंकलाई प्रयोग गर्नुभन्दा पहिला एक पटक पूर्ण रूपमा चार्ज गर्नुहोस् । निजी राउटर पावरबैंकलाई ढुवानीको क्रममा सुरक्षित राख्नको लागि यसमा भएको ब्याट्रीलाई थोरै मात्र चार्ज गरि पठाइएको हुन्छ । त्यसै कारण खरिद गरे लगत्तै प्रयोग गर्दा यसमा रहेको ब्याट्रीलाई अनावश्यक भार पर्न गइ राम्रोसँग विद्युत प्रवाह गर्न नसक्ने हुन्छ ।

**निजी राउटर पावरबैंकले कसरी काम गर्छ ?**

निजी राउटर पावरबैंकले १२ भोल्ट, निरन्तर १ एम्पियर सम्म चल्ने विद्युतीय उपकरणलाई पावर सप्लाइ गर्न सक्छ । यसले अधिकतम १.५ एम्पियर करेण्ट प्रवाह गर्न सक्छ । निजी राउटर पावरबैंकलाई विद्युत लाइनमा सधैँ जोडेरै राख्न मिल्छ; त्यसो गर्दा निजी राउटर पावरबैंकमा जडान अन्य उपकरणमा सिधै विद्युत लाइनबाट नै विद्युत आपूर्ति भइरहेको हुन्छ । निजी राउटर पावरबैंकमा भएको यू.पि.एस्. प्रणालीले विद्युत आपूर्ति बन्द भएको थाहा पाउने बित्तिकै विद्युत प्रवाह गर्न थाल्छ । त्यसैले निजी राउटर पावरबैंक धेरै चार्ज भएर बिग्रिने वा चार्जबाट निकालेर राख्नुपर्ने भन्ने हुँदैन । तपाईँको आवश्यकता

अनुसार निजी राउटर पावरबैंकलाई चार्जबाट छुट्याएर पनि चलाउन सक्नुहुन्छ ।


**निजी राउटर पावरबैंक के मा प्रयोग गर्ने ?**

- वाइ-फाइको लागि चाहिने राउटर, रिपिटर, एक्सेस प्वाइन्ट लगायतका उपकरण
- टिभी वा इन्टरनेटको मोडेम, स्वीच, सेट-टप बक्स् लगायतका उपकरण
- घर वा कार्यालयमा भएका सुरक्षा प्रणाली, जस्तै हाजिरी गर्ने उपकरण र सिसिटिभी क्यामेरा
- कुनै पनि शैक्षिक संस्था वा अस्पताल लगायतका भिडभाड हुने ठाउँमा जडान गरिएका विभिन्न विद्युतीय उपकरण


© यार्सा टेक प्राइभेट लिमिटेड

**निजी राउटर पावरबैंकमा के-के सुविधाहरू छन् ?**

निजी राउटर पावरबैंक एउटा सामान्य विद्युतीय उपकरण हो । यसबाट धेरैजनाले लाभ लिन सकून् भनेर यसलाई चलाउन सजिलो हुने गरि डिजाइन गरिएको छ । निजी राउटर पावरबैंक नेपालमा नै बनेको हुँदा क्षण-क्षणमा लोडसेडिङ भएमा, वा अचानक धेरै भोल्टेज आएमा पनि नबिग्रिने गरि बनाइएको छ ।




- **हरियो सूचक बत्ती:** ब्याट्री चार्ज भइरहेको
- **निलो सूचक बत्ती:** ब्याट्रीबाट चलेको
- **गुलाबी सूचक बत्ती:** ब्याट्री सकिन लागेको
- **सेतो सूचक बत्ती:** ब्याट्री पुरा चार्ज भएको


© यार्सा टेक प्राइभेट लिमिटेड

**१. सूचक बत्ती** - यो बत्तीको रङ्गबाट तपाईँले निजी राउटर पावरबैंकको ब्याट्रीको अवस्थाको बारेमा जानकारी पाउन सक्नुहुन्छ ।

**२. पावर स्वीच** – यो स्वीच प्रयोग गरि निजी राउटर पावरबैंकलाई खोल्न र बन्द गर्न सकिन्छ, खोल्नको लागि पावर स्वीचलाई सूचक बत्ती भएतिर धकेल्नुहोस । प्रयोग नभएको बेला ब्याट्रीको आयु लम्ब्याउन र ढुवानीको क्रममा सुरक्षित राख्नको लागि यसलाई बन्द गर्न सक्नुहुन्छ ।

**३. वाल माउन्ट** – निजी राउटर पावरबैंकको माथिल्लो भागको पछाडि एउटा सानो प्वाल राखिएको छ । भित्तामा अड्याउनु परेमा त्यस ठाउँमा काँटी ठोक्न, वा त्यहाँ फिताले बाँध्न मिल्ने गरि बनाइएको छ । आवश्यकता अनुसार निजी राउटर पावरबैंकलाई कुनै पनि ठाउँमा सजिलै टाँस्न, अड्याउन वा झुण्ड्याउन सक्नुहुन्छ ।

**४. डि.सी. इनपुट** – निजी राउटर पावरबैंकलाई विद्युतमा जडान गरि चार्ज गर्नको लागि इनपुट पोर्ट राखिएको छ । यसलाई चार्जिङ्ग पोर्ट भनेर पनि चिनिन्छ । यसमा १२ भोल्ट, न्युनतम १ एम्पियरको चार्जर जडान गर्न सक्नुहुन्छ ।

**५. डि.सी. आउटपुट** - निजी राउटर पावरबैंकमा एउटा डि.सी पोर्ट राखिएको छ, जसबाट राउटर, मोडेम, सेट-टप बक्स, लगायतका १२ भोल्टमा चल्ने उपकरणहरू चलाउन सक्नुहुन्छ ।

## निजी राउटर पावरबैंक कसरी प्रयोग गर्ने ?

१. सबैभन्दा पहिला डि.सी. इनपुटमा १२ भोल्टको चार्जर जडान गरि पूर्ण रूपमा चार्ज हुन दिनुहोस् ।

२. निजी राउटर पावरबैंक पूर्ण रूपमा चार्ज हुन ११ घन्टा लाग्छ ।

३. आफूसँग भएका विद्युतीय उपकरणलाई निजी राउटर पावरबैंकको आउटपुट पोर्टमा जडान गर्नुहोस् ।

४. निजी राउटर पावरबैंकको सूचक बत्ती हेरेर चार्ज भए नभएको सुनिश्चित गर्नुहोस् ।

५. आफूले प्रयोग गर्ने गरेको उपकरणको बारेमा राम्रोसँग बुझेर, त्यसमा चाहिने भोल्टेज सुनिश्चित गरेर मात्र सो उपकरणलाई निजी राउटर पावरबैंकमा जडान गर्नुहोस् ।


© यार्सा टेक प्राइभेट लिमिटेड

**प्राविधिक जानकारी**
निजी राउटर पावरबैंकको ब्याक-अप क्षमता, करेण्ट प्रवाह गर्ने शक्ति र वास्तविक खपत यसमा जडान गरिएको उपकरण र ती उपकरणको क्षमता अनुसार फरक पर्छ ।

**ब्याट्रीको क्षमता:** १०,४०० मिलि एम्पियर आवर
**अधिकतम करेन्ट:** १.५ एम्पियर
**तापक्रम सहने क्षमता:** ०°C देखी ५०°C
**ब्याक-अप क्षमता:** ८ घण्टा सम्म
**चार्ज गर्न चाहिने उपकरण:** १२ भोल्ट, न्युनतम १ एम्पियर
**चलाउन सक्ने उपकरण:** डि.सी. पोर्टबाट १२ भोल्ट, निरन्तर १ एम्पियर सम्मका उपकरण

**भण्डारण र ढुवानी**

निजी राउटर पावरबैंक प्रयोग नभएको बेला, विस्तारै यसको चार्ज कम हुँदै जान्छ । यसको चार्ज कम हुने दर यसलाई भण्डारण गरिएको स्थानको तापक्रममा निर्भर गर्छ । यदि तपाईँ निजी राउटर पावरबैंक लामो समयको लागि भण्डारण गर्दै हुनुहुन्छ भने ३ देखी ६ महिनाको समय अवधीमा सूचक बत्ती हेर्ने, यदि सुचक बत्ती गुलाबी बलेको भएमा ६ घण्टा चार्ज गरेर भण्डार गर्नुपर्छ ।

निजी राउटर पावरबैंकलाई ढुवानी गर्दा यसलाई केही हदसम्म डिस्चार्ज गरेर ढुवानी गर्दा बढी सुरक्षित हुन्छ ।


© यार्सा टेक प्राइभेट लिमिटेड

**सावधानीका उपायहरु**

१. निजी राउटर पावरबैंकलाई प्रयोग गर्दा हलुकासँग र जतन गरि प्रयोग गर्नुहोस् । यसलाई भुईंमा खसाउने, फाल्ने, ठोक्ने वा औजारको रूपमा प्रयोग नगर्नुहोस् । यसलाई हतियारको रूपमा प्रयोग नगर्नुहोस् । निजी राउटर पावरबैंक भित्र विद्युतीय उपकरणहरु र ब्याट्री हुन्छन् । दुरुपयोग गर्दा निजी राउटर पावरबैंक बिग्रिने एवम् तपाईँलाई वा नजिक रहेका मानिसलाई चोटपटक लाग्ने डर हुन्छ ।

२. तपाईँले प्रयोग गर्ने उपकरणको भोल्टेज निजी राउटर पावरबैंक को भोल्टेज सँग मेल खान्छ भन्ने सुनिश्चित गरेर मात्रै जडान गर्नुहोस् ।

३. निजी राउटर पावरबैंकलाई तालिम प्राप्त प्राविधिकबाहेक अरू कसैले खोल्ने वा यस भित्रका कुनै पनि तार, उपकरण, ब्याट्री लगायतका सामान फेर बदल नगर्नुहोस् । गलत किसिमका औजारको प्रयोग गर्दा सर्ट-सर्किट हुन गइ निजी राउटर पावरबैंक बिग्रिने वा अस्वभाविक करेण्ट प्रवाह भइ ब्याट्री बिस्फोट हुने वा आगो लाग्ने सम्भावना हुन्छ ।

४. निजी राउटर पावरबैंकलाई कुनै पनि अत्याधिक तात्ने उपकरण र आगो वा पानीको श्रोतबाट टाढै राख्नुहोस् । यसलाई सिधा घाम वा पानी पर्ने ठाउँमा नराख्नुहोस् । उच्च तापमान वा पानीका कारण निजी राउटर पावरबैंकभित्र भएको उपकरणहरू बिग्रन सक्छन् भने ब्याट्री बिस्फोट हुने वा आगो लाग्ने सम्भावना हुन्छ ।


© यार्सा टेक प्राइभेट लिमिटेड

**सुरक्षा सम्बन्धि निर्देशन**

निजी राउटर पावरबैंकको उचित प्रयोग सुनिश्चित गर्न यसलाई प्रयोग गर्नु अघि माथि दिइएका निर्देशनहरू ध्यानपूर्वक पढ्नुहोस् र बुझ्नुहोस् । विस्फोटक, रसायनिक वा प्रज्जवलनशील पदार्थ भएको ठाउँमा, ओसिलो वा अत्यधिक तापक्रम भएको ठाउँमा निजी राउटर पावरबैंक प्रयोग नगर्नुहोस् ।

यदि निजी राउटर पावरबैंक फुटेको, क्षतिग्रस्त भएको, खसेको वा तालिम प्राप्त प्राविधिक बाहेक अरू कसैले खोलेको वा सामान फेरेको छ भने तत्काल प्रयोग गर्न छोड्नुहोस् र निजी राउटर पावरबैंक खरिद गरेको केन्द्रमा लैजानुहोस् । निजी राउटर पावरबैंकलाई साना नानीबाबुको पहुँचबाट टाढा राख्नुहोस् । उनीहरूले निजी राउटर पावरबैंकको गलत प्रयोग गर्दा, फुटाउँदा, खेल्दा, मुखमा हाल्दा वा गलत ठाउँमा राख्दा ठूलो दुर्घटना हुने डर हुन्छ । निजी राउटर पावरबैंकलाई क्षति हुनबाट रोक्नको लागि यसको प्रयोग गर्नु वा मर्मत शुरु गर्नु अघि यो निर्देशिका ध्यान दिएर पढ्नुहोस् र पढ्न लगाउनुहोस् । प्रयोगमा नभएको बेला निजी राउटर पावरबैंकलाई बन्द गरि सुरक्षित रूपमा राख्नुहोस् ।

**ग्यारेन्टी सम्बन्धि जानकारी**

तपाईँले निजी राउटर पावरबैंक खरिद गरेको मितिदेखि १ वर्ष भित्रमा बिग्रिएमा, उत्पादन गर्दा भएका त्रुटिहरूका कारण समस्या उत्पन्न भएमा अथवा यस भित्र जडित कुनै उपकरण बिग्रिएर काम नलाग्ने भएमा तपाईँको निजी राउटर पावरबैंक उत्पादकले फिर्ता लिइ अर्को निजी राउटर पावरबैंक तपाईँलाई नि:शुल्क प्रदान गरिदिनेछ ।

निजी राउटर पावरबैंकको उत्पादकले तपाईँको सुविधाको लागि १ वर्षको ग्यारेन्टी दिएको छ । ग्यारेन्टीसँग सम्बन्धित सबै मामिलाहरूमा उत्पादकको निर्णय अन्तिम र बाध्यकारी हुनेछ । निजी राउटर पावरबैंकको खरिद वा प्रयोगबाट आइपर्ने कुनै पनि क्षतिमा उत्पादकको अधिकतम दायित्व ग्राहकले खरिद गर्दाको मुल्यसम्म मात्र सिमित हुनेछ ।


© यार्सा टेक प्राइभेट लिमिटेड

## ग्यारेन्टी मान्य हुने अवस्था

- बिग्रिएको निजी राउटर पावरबैंक हाम्रो आधिकारिक डिलर वा वितरण केन्द्रबाट खरिद गरेको भएमा
- निजी राउटर पावरबैंकसँगै ग्यारेन्टी कार्ड र खरिद गरेको सक्कली रसिद हाम्रो सेवा केन्द्र वा वितरण केन्द्रमा ल्याएमा
- निजी राउटर पावरबैंक नभिजेको, नजलेको, नखोलेको, नफुटेको, तोडमोड नभएको र सही चार्जर प्रयोग गरेको भएमा
- निजी राउटर पावरबैंक प्रयोग, भण्डारण र ढुवानी गर्दा यस निर्देशिका अनुसार गरेको भएमा

## ग्यारेन्टी मान्य नहुने अवस्था

- फुटेको वा भौतिक क्षति भएको देखिएमा
- पानीमा भिजेको वा तापले जलेको भएमा
- ग्यारेन्टी सिल च्यातिएको देखिएमा
- आफैले खोलेको वा मर्मत गर्न खोजेको देखिएमा
- सामान साटफेर वा टुक्रा गरेको देखिएमा
- लामो समयसम्म चार्ज नगरेर ब्याट्री बिग्रिएमा
- १२ भोल्टभन्दा धेरै क्षमताको चार्जर जोडेर बिग्रिएमा
- बलको प्रयोगले स्वीच वा चार्ज गर्ने पोर्ट भाँचिएमा

# ग्यारेन्टी कार्ड

REPLACEMENT
★ 1 YEAR ★
GUARANTEE

सि. नं.: ____________________

मिति (बि. सं.): ________ / ____ / ________

ग्राहक: ____________________

बिक्रेता: ____________________

ग्यारेन्टीका शर्तहरुको लागि पृष्ठ १४ र १५ हेर्नुहोस् ।

© यार्सा टेक प्राइभेट लिमिटेड, नेपाल